जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २९३ २०८२ साल असार १४ गते शनिबार (28 June 2025 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : राजाजी डाँडाबाट सलहेस... ३ पृष्ठमा : जलवायु परिवर्तनको असर ... ३ पृष्ठमा :रुसमाथिको प्रतिबन्ध...

# शम्भुनाथमा जनप्रतिनिधिबाट नियम विपरित समझौता र कार्यादेश

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा एक वडाका जनप्रतिनिधिले स्थानिय सरकार सञ्चालन ऐन विपरित समझौता र कार्यादेश दिएको पाइएको छ ।

पालिकाको योजनामा रहेका बजेट खर्च गर्न नियम कानुन विपरित आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर वडा नम्बर २ का वडाध्यक्ष दुर्गानन्द भगतले बजेट खर्च गर्न नियम विपरित सम्झौता गर्दै कार्यादेश दिएको पाइएको हो ।




त्यहाँ स्थित ट्राफिक बजार युवा खेलकुद सञ्चालन समिति शम्भुनाथ २ को नाममा वडा समितिको मिति २०८१ असोज ६ गतेको बैठकको निर्णयानुसार असोज ७ मा अधारभुत विधालय कनकपट्टी ट्राफिक बजारको खेल मैदानमा तेस्रो पञ्च शिल्ड फूटवल प्रतियोगिता सञ्चालनका लागी एक लाख रुपियाँ भित्र रहि काम सम्पन्न गर्न वडाअध्यक्ष भगतको हस्ताक्षर सहित दिइएको कार्यादेशमा भनिएको छ ।

वडाअध्यक्ष भगतले सोही मितिमा खेलकुद सञ्चालन समिति अध्यक्ष सुनिलकुमार चौधरी संगको सम्झौतापत्रमा वडा कार्यालयको तर्फबाट हस्ताक्षर गरेको र २०८१ असोज २१ मा कार्य सम्पन्न भएको भन्दै भुक्तानीका लागि शम्भुनाथ नगरपालिकाको नाममा सिफारि समेत दिएको कागज सार्वजनिक भएको हो ।

यस सम्बन्धमा वडाअध्यक्ष भगतसँग प्रतिक्रिया लिंदा उनले कार्यालयले सम्झौता गरेको बताए । आर्थिक कारोबार नगरबाट हुने गरेको र व्यवस्थापन मिलाउने जिम्मेवारी आफूलाई दिएकाले कम गर्न भनेको उनको भनाई छ । यद्यपी कार्यादेश र समझौतापत्रमामा वडाध्यक्ष भगतले नै हस्ताक्षर गरेको पाइएको छ ।

शम्भुनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले योजनाको कार्यादेश वडाध्यक्षले दिन नमिल्ने बताए । आर्थिक दायित्व सृजना हुने कुनै पनि सम्झौता कार्यादेश आर्थिक प्रति उत्तरदायी भएको बाहेक अरुले गर्न नमिल्ने उनको भनाई छ । यस्तै, वडाअध्यक्ष भगतले दैनिक ज्यालादारीमा कार्यालय सहयोगी समेत नियुक्त गरेको कागज सार्वजनिक भएको छ ।

नगर कार्यपालिकाको कार्यालयको तर्फबाट २०८१ असोज ११ गते सोही नगरपालिका वडा नम्बर २ घर

*बाँकी तीन पृष्ठमा*

# एसईईमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

एसईईमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले पत्रकार सम्मेलनमार्फत सो जानकारी दिएका हुन् ।

बोर्डले शुक्रबार साँझ २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशित गरेको हो ।

गत २०८१ सालको चैत ७ गतेदेखि १९ गतेसम्म सञ्चालन भएको एसईईमा नियमिततर्फ ४ लाख ३१ हजार ४६६ र ग्रेड वृद्धितर्फ ६७ हजार ७१५ गरी जम्मा ४ लाख ९९ हजार १८३ विद्यार्थी सहभागी भएका थिए ।

सार्वजनिक गरिएको नतिजा अनुसार ४८ हजार १७७ जना विद्यार्थीले ३.६ देखि ४.० जिपिए ल्याएका छन् । त्यस्तै ३.२ देखि ३.६ जिपिए ल्याउने ८१ हजार ३८५ जना, २.८ देखि ३.२ जिपिए ल्याउने ८९ हजार १२४ जना, २.४ जिपिए देखि २.८ जिपिएसम्म ल्याउने ४८ हजार ४७९ जना, २ जिपिएदेखि २.४ जिपिए ल्याउने चार हजार १२६ जना र १.६ देखि २ जिपिए ल्याउने ८ जना विद्यार्थी वर्गीकृत भएका छन् ।

१२६ जना परीक्षार्थीको परीक्षा रद्ध गरिएको बोर्डका अध्यक्ष डाक्टर महाश्रम शर्माले जानकारी दिए । १ लाख ६७ हजार ५९७ विद्यार्थीको नतिजा अबर्गिकृत भएको छ ।

# हत्या गरि सप्तरीबाट फरार भएका अभियुक्त सुनसरीबाट पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

सप्तरीमा बिहीबार एक जना युवकको घाँटी रेटेर हत्या गरि फरार भएका अभियुक्तलाई प्रहरीले सुनसरीबाट पक्राउ गरेको छ ।

डाक्नेश्वरी नगरपालिका वडा नम्बर ८ घर भएका ३२ वर्षीय राजकुमार खंगको बिहीबार हत्या गरि फरार भएको आरोपमा सोही नगरपालिका वडा नम्बर ९ की २१ वर्षीया तुलसी देवी सरदारलाई प्रहरीले सुनसरीको इनरुवा नगरपालिका वडा नम्बर ९ स्थित बबियाबाट पक्राउ गरेको हो ।

अभियुक्त सरदारलाई सुनसरी प्रहरीको सहयोगमा बिहीबार राती पक्राउ गरि सप्तरी ल्याइ शुक्रबार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिई अनुसन्धान अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

अभियुक्तको साथबाट मृतकले प्रयोग गर्ने गरेको मोबाईल सेट र खंगको हत्यामा प्रयोग भएको चक्कु समेत फेला परेको प्रहरी नायव उपरीक्षक बस्नेतले बताए ।

बिहिबार घाँटी तथा छातीमा धारिलो हतियार प्रयोग गरि खंगको हत्या गरि फालिएको अवस्थामा डाक्नेश्वरी नगरपालिका ८ र राजगढ गाउँपालिकाको बीच सिमामा पर्ने लवका पोखरी किनारमा शव फेला परेको थियो ।

# नयाँ शैली र नयाँ सिकाईबाट बालबालिकाको व्यवहारमा परिवर्तन



**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

नयाँ शैली र नयाँ सिकाईबाट बालबालिकाको व्यवहारमा परिवर्तन आएको छ । सप्तरीको छिन्नमस्ता र विष्णुपुर गाउँपालिकाको बालबालिकामा यस्तो परिवर्तन देखिएको हो ।

मधेशमा जडो गाडेर बसिरहेका बालविवाह, बालश्रम र बालहिंशा, विद्यालयहरुमा स्वच्छ खानेपानी, हरित बातावरण तथा खेलकुद समाग्रीको अभाव विद्यालयमा शिक्षक र विद्यार्थीको नियमित उपस्थितीमा कमी, विद्यालय आसपासका क्षेत्रमा मदिरा र सुर्तीजन्य पदार्थको विक्री वितरणले बालबालिकामा पार्ने प्रभाव, विद्यालयमा सुझाव पेटिकाको महत्व, अपाङ्ग मैत्री, बालमैत्री र किशोरीमैत्री शौचालयको आवश्यकता, बालअधिकार लगायत शिक्षा र स्वास्थ्य संग विषयमा बालबालिकाहरुमा परिवर्तन आएको छ ।

सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको संयुक्त साझेदारीमा समुन्नती कार्यक्रम अन्तर्गत तीन महिना देखि दुबै पालिकाको विद्यालयहरुमा पालिकास्तरीय बालभेला र सरोकारवाला संगको कार्यक्रम संचालन भएपछि त्यसको परिणाम यस्तो परिवर्तन आएको हो ।

यस्ता कार्यक्रमले आफनो अधिकार संगै शिक्षा र स्वास्थ्य संग जोडिएको धेरै विषयहरुबारे जानकारी प्राप्त गर्न र अरुलाई पनि सिकाउन सक्षम भएको माँ बेष्णोदेवी युवा क्लब विष्णुपुरकी अध्यक्ष पावर्ती कुमारी साहले बताएकी छिन् ।

यस अघि पालिकाका अधिकाँश बालबालिकाहरु बाल अधिकार र यस्को प्रयोग तथा कानुनी व्यवस्था तथा शिक्षा र स्वास्थ्य संग जोडिएका अन्य महत्वपुर्ण सवालहरुबाट अनभिज्ञ रहदै आएका थिए ।

संस्थाबाट परिचालित विज्ञ तथा तालिम प्राप्त

*बाँकी तीन पृष्ठमा*

**मानसिक स्वास्थ्य प्रति सचेत बनौं**

❖निराश हुनु,
❖तनाव तथा चिन्तित महशुस हुनु,
❖बेला बेलामा डर लाग्नु,
❖पसिना आउनु,
❖गहिरो निद्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन् ।

**मानसिक समस्या निदानको लागिः**

❖नियमित व्यायाम गरौं,
❖आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
❖परिवार र साथीहरूसँग समय बिताऔं,
❖योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
❖आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

**"स्वस्थ मन, सुखी जीवन"**

नेपाल सरकार
विज्ञापन बोर्ड

# राजाजी डाँडाबाट सलहेस सर्किटसम्म : लहानको नयाँ पर्यटकीय सपना

**सुदिउ राउत**

सिरहा, १३ असार (रासस) ।

लहान नगरपालिका-१६ मा अवस्थित राजाजी डाँडा अब केवल एउटा धार्मिकस्थल मात्र होइन, एक ऐतिहासिक चेतनाको प्रतीक र पर्यटकीय सम्भावना बोकेको स्थलका रूपमा परिचित हुन थालेको छ । स्थानीयवासीको अपेक्षा, धार्मिक आस्था र नगरपालिकाको योजनाबीचको समन्वयले राजाजी डाँडा एकीकृत धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास हुन थालेको हो ।

सयौं वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देब हाटजस्ता चिजले राजाजी डाँडाको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बलियो बनाएको छ । जहाँ स्थानीय बासिन्दा पूजापाठ, भाकल, देवता पूजाजस्ता धार्मिक गतिविधिमा सहभागी हुन्छन् । स्थानीय जनविश्वासअनुसार सङ्कटका बेला यहाँको देवता राजाजी बाबालाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ ।

लहान-१६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार पौराणिककालमा यस डाँडामा राजाको दरबार रहेको र यहींबाट राजकाज सञ्चालन हुने गर्थ्यो भन्ने किंबदन्ती रहेको मानिन्छ । अहिले जनविश्वासमा रहेका राजा सलहेस, वस्तुतः त्यही दरबारका प्रधानमन्त्री थिए । "सलहेसका गुरु नै राजाजी थिए । जसको नाममा आज यो डाँडालाई चिनिन्छ । यही भाष्य नै जनमानसमा व्याप्त रहेको छ । यसलाई विश्वास पनि गरिन्छ र त्यसको विश्वासिलो आधार पनि भेटिन्छ", वडाध्यक्ष जर्घामगर बताउनुहुन्छ ।

स्थानीय वृद्धहरूका कथनअनुसार यो डाँडामा पहिले इँटाका ठूलाठूला पर्खाल थिए, जुन सयौं वर्ष पुराना हुन् । "हामीले थाहा पाउँदासम्म हजुरबुबाको पालादेखि त्यस्तै थियो", ७३ वर्षीय वडाध्यक्ष गर्जामगर सम्झिनुहुन्छ । उहाँका अनुसार कसले र कहिले निर्माण गर्‍यो भन्नेमा अझै स्पष्टता छैन, जसकारण यसलाई पौराणिककालदेखिको संरचना मानिन्छ । कुनै लिखित दस्तावेज नभए पनि उनीहरूको कथा, कर्मकाण्ड तथा पुस्तौंदेखि चलिआएको पूजा परम्पराले यसको पौराणिक पक्षलाई स्पष्ट पार्दछ ।

आज पनि ती पुराना इँटा यथावत छन्, तर संरक्षणको अभावमा अवस्था दिनप्रतिदिन जीर्ण हुँदै गएका छन् । यति पुरानो संरचना र वस्तुको अनुसन्धान पुरातत्व बिभागले यथाशीघ्र प्रक्रिया अघि बढाउनुपर्ने वडाध्यक्ष गर्जामगरको मत छ । "दुर्भाग्यवश, ऐतिहासिक महत्त्व हुँदाहुँदै पनि यस क्षेत्रको प्रचारप्रसार नहुँदा यो सम्पदा लामो समयसम्म ओझेलमा रह्यो । अहिले भने स्थानीय तहको पहलमा यस क्षेत्रको विकासले गति लिन थालेको छ । हालै रु २५ लाख लागतमा राजाजी डाँडामा गहवर मन्दिर निर्माण भइसकेको छ, जसले पर्यटकलाई थप आकर्षण गर्ने विश्वास लिइएको छ", उहाँले भन्नुभयो ।

राजाजी डाँडाको संरचना, सलहेससँगको सम्बन्ध र यसको पुरातात्विक सम्भावनाले यसलाई केवल सिराहा जिल्लाको मात्र होइन, सम्पूर्ण तराईको सांस्कृतिक र ऐतिहासिक धरोहर बनाउने सम्भावना देखिएको छ । पहिले यहाँ पुग्नका लागि एक घण्टाभन्दा बढी पैदल उकालो चढ्नुपर्ने बाध्यता थियो । चुरे उकाली-ओराली पार गर्दै, श्रद्धालुहरू हरेक वर्ष असारमा असारी पूजा गर्न राजाजी डाँडा पुग्थे ।

यसबीचमा स्थानीयको विस्वास र आस्थालाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन थालेपछि पहिलोपटक २०७८ सालमा निवर्तमान नगरप्रमुख मुनि साहको नेतृत्वमा डाँडासम्मको ट्र्याक खोलिएको थियो । त्यसपछि चुरे फेदमा रहेको झिझरी खोला पार गरेर झण्डै पाँच किलोमिटर चुरेको उकालो हुँदै राजाजी डाँडासम्म मोटर पुग्न थालेको हो । जसले गर्दा स्थानीयलाई धार्मिक पूजापाठ गर्नलाई सहज बनाएको छ । स्थानीय देवेन्द्र यादव भन्नुहुन्छ, "डाँडासम्म जाने मोटरबाटो बन्छ भनेर कहिल्यै सोचेका थिएनौं । अहिले ट्र्याक खुलेपछि अब बुबाआमासँगै सजिलै डाँडा पुगिन्छ । यस बाटोलाई अझ सुधार गरी व्यवस्थित गरे झन् सहज हुने थियो । आन्तरिक पर्यटनको पनि विकास हुने थियो ।"

लहानस्थित पूर्वपश्चिम राजमार्गबाट करिब १५ किलोमिटर उत्तर चुरे क्षेत्रको उच्च बिन्दुमा अवस्थित राजाजी डाँडाबाट सिराहा, सप्तरी र उदयपुरका विभिन्न भूभागका समथल फाँट र भूदृश्यहरूको मनोरम दृश्य देख्न सकिन्छ । यहाँबाट देखिने हरियाली, खेतबारी, गाउँबस्ती र फाँटहरूको समिश्रित दृश्यले जोकोहीलाई मोहित तुल्याउँछ । विशेषगरी गर्मीको समयमा उखरमाउलो तातोबाट राहत खोज्न मानिस यहाँ पुग्ने गर्छन् । सबैभन्दा नजिकको उच्च बिन्दु भएकाले राजाजी डाँडा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने देखिन्छ ।

यस अपूर्व सम्भावनालाई ध्यानमा राख्दै लहान नगरपालिकाले यसको पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्षमा राजाजी डाँडामा रु २५ लाख लागतमा नयाँ गहवर मन्दिर निर्माण सम्पन्न भइसकेको छ भने आगामी आव २०८२/८३ मा झिँझरी खोलाबाट राजाजी डाँडासम्मको बाटोमा पैदल हिँडेर पुग्न चाहनेका लागि सिँढी निर्माण गर्न थप बजेटको व्यवस्था गरिने योजना बनाइएको छ । नगरप्रमुख चौधरी भन्नुहुन्छ, "राजाजी डाँडा आज आस्था, इतिहास र पर्यटनको त्रिवेणी बन्दै गएको छ । समयमै संरक्षण र प्रवर्द्धन गर्न सकिए यो स्थल मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्नेमा कुनै शङ्का छैन । त्यसैले राजाजी डाँडालाई धार्मिक र पर्यटकीय हब बनाउने हाम्रो दीर्घकालीन योजना हो ।"

राजाजी डाँडा आज एक स्थान, अनेक सम्भावना बोकेको थलो बनेको छ । धार्मिक आस्था, ऐतिहासिक गौरव, सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यको अनुपम सङ्गम बनेको छ । यसलाई संरक्षण र प्रवर्द्धन गर्न सके भविष्यमा प्रदेशस्तरको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने प्रबल सम्भावना बोकेको छ । यसै हप्ताको आइतबार उक्त राजाजी डाँडा पुगेर कुँदिएको शिलालेखको उद्घाटन गरी नेपाली झण्डा फर्फराउँदै नगरप्रमुख चौधरीले भन्नुभयो, "राजाजी डाँडालाई मात्र होइन, लहानको सलहेस फूलबारी, ब्रह्मनस्थान, मानिक दह, देवी दह, हात्ती दहसँग जोडेर सलहेस सर्किट निर्माण गर्ने हाम्रो गुरुयोजना छ ।"

यस योजनाअनुसार सलहेसले फूलबारीमा फूल टिप्ने, मानिक दहमा स्नान गर्ने, ब्रह्मानस्थानमा कुस्ती खेल्ने, पकडिया गढमा न्याय दिने र अन्न भण्डारण गर्ने तथा गर्मीको समयमा राजाजी डाँडामा शीतल हावा लिने कथालाई आधार बनाइन्छ । "यी सबै धार्मिक कथन र स्थानलाई जोडेर लहानलाई पर्यटकीय नगर बनाउन सकिन्छ । त्यसकै लागि अब संरचनागत विकास सुरु गरिएको हो", नगरप्रमुख चौधरीले भन्नुभयो । चुरे क्षेत्रको डाँडामा विकासको पाइलासँगै प्राकृतिक सन्तुलन र सांस्कृतिक संरक्षणलाई ध्यानमा राख्नु आवश्यक छ ।

स्थानीय जनआस्था, मौलिक कथन, धार्मिक अभ्यास र पर्यटकीय सम्भावनाको सङ्गम रहेको यो क्षेत्रलाई सन्तुलित विकासमार्फत नेपालकै उदाहरणीय धार्मिक-पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्ने विश्वास नगरपालिकाले लिएको छ । सलहेससँग जोडिएको पौराणिक कथा, पुराना संरचना र चुरे क्षेत्रको प्राकृतिक सौन्दर्यतालाई जोडेर यसलाई अद्वितीय बनाएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले घोषणा गरेको बृहत् सलहेस पर्यटकीय क्षेत्रअन्तर्गतका सलहेस फूलबारी, पकडियागढ, देवीदह र ब्रह्माण फूलबारी सांस्कृतिक सम्पदाभित्र सूचीकृत गरिसकिएको छ । यी सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत यस क्षेत्रको सांस्कृतिक पुनर्जागरण, मौलिक संस्कृतिको यात्रा र स्थानीय पहिचानको पुनर्निर्माणको अवसर देखिएको छ ।

**सलहेस फूलबारी**

प्रेमको प्रतीक भई नयाँ वर्षका दिन मात्र फुल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेस फूलबारीमा वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ । लहान नगरपालिका वडा नं १२ र २२ मा पर्ने यस फूलबारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूललाई सलहेस बाबा र मालिनीको मिलनको प्रतीक मानिन्छ । पुराना किंवदन्तीअनुसार यो फूलबारी सलहेसको दरबार क्षेत्रभित्र पर्थ्यो । अहिले पनि यहाँ लाखौं श्रद्धालु भेला हुने फूलबारी मेला लाग्छ, जसले यसलाई जीवित सांस्कृतिक सम्पदाका रूपमा चिनाउँछ ।

फूलबारी मेला तराईको मौलिक सांस्कृतिक सम्पदाको जीवित उदाहरण हो, जहाँ लाखौं श्रद्धालु जम्मा हुन्छन् । यसको संरक्षण र प्रवर्द्धनले स्थानीय पहिचान र सांस्कृतिक गर्वलाई अझ बलियो बनाउन सक्नेछ । सलहेस तराईका पासवान जातिको इष्टदेव रहेको र चौधौं शताब्दीका लोकनायक भएकाले सलहेसको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत समस्या हरण हुने जनविश्वास पनि छ ।

**पकडियागढ**

लहान नगरपालिका-१८ मा अवस्थित पकडियागढ ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्णस्थल हो, जुन सलहेस सर्किटअन्तर्गत पर्दछ । हरेक वर्ष वैशाख २ गते यहाँ लाग्ने मेलामा नेपालका विभिन्न भूभागसहित छिमेकी भारतबाट पनि हजारौं दर्शनार्थी भेला हुने गर्छन् ।

जनश्रुतिअनुसार, यो स्थल प्राचीन समयमा राजा कुलेश्वरको दरबार रहेको थियो । राजाकी छोरी चन्द्रावती यही फूलबारीमा डुल्ने गरेको विश्वास गरिन्छ । मेलाको विशेष आकर्षण भनेको चोहरमलले खनेको भनिने सुरुङ, जसलाई हेर्न आउनेहरूको भीड लाग्ने गर्छ ।

पकडियागढ परिसरभित्र रहेको सार्वजनिक पोखरी संरक्षणको अभावमा विगतमा जीर्ण अवस्थामा पुगेको थियो । फोहर र संरचनात्मक बेवास्ताका कारण त्यहाँको आगमन घट्दो थियो । तर, पछिल्लो समय मधेस प्रदेश सरकारको सौन्दर्यकरण योजनाअन्तर्गत रु ४० लाखको लागतमा पोखरीको पूर्व र दक्षिणतर्फ घाट निर्माण, बाउण्ड्री वाल, स्टेडियम लाइट र मन्दिर परिसरमा पिसीसी ढलानजस्ता संरचना निर्माण गरिएको छ । यसले गर्दा विवाह, व्रतबन्धजस्ता सामाजिककार्य सहज भएका छन् र साथसाथै पोखरीको संरक्षण र धार्मिक पर्यटन प्रवर्द्धनमा पनि टेवा पुगेको छ ।

**देवीदह**

लहान नगरपालिका-१७ मा अवस्थित एक ऐतिहासिक, प्राकृतिक र धार्मिक दृष्टिले पूजनीय स्थान हो देवीदह । पूर्वपश्चिम राजमार्गबाट करिब छ किलोमिटर उत्तरमा रहेको यो दह सिराहा र सप्तरीलाई छुट्याउने बलान नदी किनारमा फेला पर्छ । स्थानीय जनश्रुतिअनुसार त्रेतायुगीन समयदेखि यहाँको पानीमा स्नान गर्दा रोगव्याधि हटेर जान्छ भन्ने विश्वास गरिन्छ । त्यस्तै, मनमा उत्पन्न हुने शङ्काले भरिएको घाउ निको हुने विश्वास व्यापक छ । तर, बजेट अभावमा पोखरीको संरक्षण, सवर्द्धन तथा वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको छ । यस दहको धार्मिक तथा पर्यटकीय महत्वलाई पुनर्स्थापित गर्न सरकार र स्थानीय तहबाट बजेट र पहल आवश्यक छ ।

**मानिक दह**

लहान नगरपालिका-२४ मा अवस्थित मानिक दह केवल प्राकृतिक जलासयमात्र होइन, सलहेस सर्किटअन्तर्गत पर्ने एक प्राचीन धार्मिक तीर्थस्थल हो । जुन विशेषतः सलहेससँग जोडिएको पौराणिक विश्वासका कारण स्थानीय जनजीवनमा गहिरो आस्था बोकेको छ ।

जानकारका अनुसार सलहेस बाबा यही दहमा स्नान गर्ने गर्दथे भन्ने धार्मिक विश्वास छ । यही कारणले हरेक वर्ष वैशाख १ गते यहाँ बृहत्तर मेला लाग्ने गर्छ, जहाँ सिराहा, सप्तरी, उदयपुरलगायत तराईका विभिन्न जिल्लाबाट हजारौं श्रद्धालुको आगमन हुन्छ । मानिक दह करिब १७ बिघामा फैलिएको विशाल जलासय हो । चारैतिर हरियाली, मन्दिर र पवित्रताले भरिएको यो स्थलले धार्मिकमात्र होइन, प्राकृतिक सौन्दर्यको अनुभव पनि प्रदान गर्छ ।

दहको दक्षिणी भागमा डिहबारको मन्दिर, घाट निर्माण र डिल (किनारा) मर्मतका लागि हालसम्म रु ७० लाखभन्दा बढी नगरको बजेट खर्च भइसकेको छ । साथै पश्चिम भागमा सलहेस मन्दिर निर्माण गरिएको छ, जसले यस क्षेत्रको धार्मिक पहिचानलाई थप मजबुत बनाएको छ । यहाँको पानीमा स्नान गरेपछि रोगव्याधि हट्ने र भाकल गरेमा मनोकामना पूरा हुने जनविश्वासले मानिक दहलाई स्थानीय धार्मिक आस्थाको केन्द्र बनाएको छ ।

**राजदेवी मन्दिर**

त्यसैगरी, नगरपालिकाको १५ नं वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पूरा गर्ने भगवती देवीस्थानको रूपमा परिचित छर । वैशाख पूर्णिमाका दिन बोकासहित चार प्रकारका पशुपन्छीको बलि दिइन्छ, जसमा १० हजारदेखि २० हजार बोकासम्म बलि दिने चलन छ । र उक्त मन्दिरमा बली चढाए भाकल पूरा हुने जन विश्वास रहेको छ । स्थानीय र प्रदेश सरकारले सडक सुगम-बनाउने, धर्मशाला र पार्क निर्माण साथै मन्दिर परिसरको सौन्दर्यीकरणमा काम गरिरहेको छ ।

स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला सङ्घसंस्थाले लहानको पर्यटकीय नगरी 'सलहेस सर्किट'को व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नसके आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरी व्यापारिक तथा धार्मिक दृष्टिले समुचित लाभ लिन सकिने भएकाले यस क्षेत्रमा उचित ध्यान दिनुपर्ने मानवअधिकारकर्मी राजकुमार राउतको भनाइ छ ।

"एउटै नगरपालिकाभित्र यति धेरै ऐतिहासिक र पुरातात्विक स्थल हुनु नै लहानको धार्मिक पर्यटन सम्भावनाको प्रमाण हो", राउतले भन्नुभयो, "यदि लहान नगरपालिकाले यी सम्पदाको संरक्षण र समुचित विकास गर्न सके, यो नगरपालिका निकट भविष्यमा देशकै एक समृद्ध धार्मिक-पर्यटकीय गन्तव्य बन्नेछ ।"


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु परिवर्तनको असर : बाह्रै महिना डेङ्गुको सङ्क्रमण देखिँदै

कञ्चनपुर, १३ असार (रासस)।
गर्मी र वर्षातको समयमा मात्र देखिने डेङ्गु सुदूरपश्चिममा बाह्रै महिना देखिन थालेको छ। जलवायु परिवर्तनको असरले लामखुट्टेको प्रजनन समयावधि लम्बिनु, तापक्रममा असमान्य वृद्धि हुनु, वर्षा चक्रको अनियमियताले डेङ्गुको सङ्क्रमण बढ्दै गएको छ।

जलवायु परिवर्तनका कारण लामखुट्टेको रोग सार्ने क्षमतामा वृद्धि हुँदै गएको सुदूरपश्चिम प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका सूचना अधिकारी हेमराज जोशीले बताउनुभयो। "तापक्रम र वर्षाको चक्रले डेङ्गुको जोखिमलाई बढाएको छ", उहाँले भन्नुभयो, "पहिला गर्मी र वर्षाका बेलामात्र डेङ्गुको सङ्क्रमण देखिन्थ्यो, अहिले चिसो महिनामा पनि डेङ्गु सङ्क्रमण देखिन थालेको छ, वातावरणीय तापक्रम बढ्दा लामखुट्टे बाह्रै महिना बाँच्ने वातावरण कायम भएको छ।"

लामखुट्टेको जीवनचक्रमा मौसमले सघाउ पुर्‍याउँदा डेङ्गुको सङ्क्रमण चुनौतीका रूपमा देखापरेको उहाँको भनाइ छ। उहाँका अनुसार सन् २०२५ को जनवरीदेखि जुनसम्मको अवधिमा सुदूरपश्चिम प्रदेशका एक सय ६७ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। जनवरीमा २२, फेब्रुअरीमा २७, मार्चमा १७, अप्रिलमा ४०, मेमा ३४ र जुनको हालसम्म २० जनामा डेङ्गु सङ्क्रमण देखापरेको छ। सोही अवधिमा सबैभन्दा बढी डडेल्धुरामा ३४ जनमा र त्यसपछि कैलालीमा ३१ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ।

कञ्चनपुरमा २९, डोटीमा २५, अछाममा २४, बझाङमा ११, बाजुरामा ११ र दार्चुलामा दुई जनामा डेङ्गु सङ्क्रमण देखापरेको छ। बैतडीमा भने जनवरीदेखि जुन महिनाको अहिलेसम्म डेङ्गुका बिरामी देखापरेका छैनन्। एडिस एजिप्टाई जातको सङ्क्रमित लामखुट्टेको टोकाइबाट डेङ्गु सर्छ। पानी जम्ने ठाउँ र प्लास्टिकजन्य फोहर व्यवस्थापन हुन नसक्दा डेङ्गु सार्ने लामखुट्टेको वृद्धि विकास हुँदै गएको उल्लेख गर्नुहुँदै उहाँले डेङ्गुलाई मौसमी समस्याका रूपमा मात्र नबुझेर वर्षभरि नै सतर्कता तथा सावधानी अपनाउनुपर्ने बताउनुभयो।

जलवायु अनुकूल सरसफाइ रणनीति बनाई डेङ्गुसम्बन्धी चेतना र लामखुट्टेका लार्भा नष्ट गर्ने अभियान सञ्चालनमा जोड दिनुपर्ने उहाँ बताउनुहुन्छ। वर्षातको समय सुरु भएकाले डेङ्गुको सङ्क्रमण तीव्र रूपमा बढ्नसक्ने भएकाले वातावरणीय सरसफाइमा ध्यान दिनुपर्ने उहाँको सुझाव छ।

डेङ्गु सार्ने लामखुट्टे बिहान र दिउँसोका समयमा बढी टोक्ने भएकाले त्यसबेला लामो कपडा लगाउने, सुत्दा झुलको प्रयोग गर्ने, पानी जम्न नदिने, हप्तामा एकपटक घर वरपरका टचाङ्की, डब्बा, टायरलगायतमा जमेको पानी फाल्ने कार्य गर्नुपर्ने, विद्यालयमा डेङ्गुसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव स्वास्थ्यकर्मीको छ।

"गर्मी र वर्षातको समयमा डेङ्गु सङ्क्रमण फैलिने अत्यधिक सम्भावना हुन्छ", शुक्लाफाँटा नगरपालिका स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले भन्नुभयो, "यसबेला जनचेतना र सरसफाइ अभियानलाई बढाउनु आवश्यक छ, सतर्कता अपनाउन सके डेङ्गुको रोकथाम गर्न सकिन्छ।"

### *नयाँ शैली ...*

सहजकर्ताहरुले नयाँ-नयाँ शैलीको प्रयोग गरिसरोकारवाला समेतलाई राखेर वडा देखी विद्यालयस्तरमा बालभेला कार्यक्रम अभियानकै रुपमा चलाएपछि सकारात्मक परिणाम देखिएको सेभ द सप्तरीका कार्यक्रम संयोजक विष्णुकान्त देवले बताए।

पालिकाका बाल क्लबका प्रतिनिधी, विद्यार्थी र सरोकारवाला निकायका प्रतिनिधिसमेतको उपस्थितीमा बालक्लबका विद्यार्थीहरु संग समस्या र सुझाव संकलन गर्ने र उनीहरुबाटै बहुमतको आधारमा यस्ता समस्याहरुलाई प्राथिमिकीकरण गरी सहभागि सरोकारवालाहरु संग समस्या समाधानका लागी पहल गरिएको उनले जानकारी दिए।

अब छिन्नमस्ता र विष्णुपुर गाउँपालिका पछि तिलाठी कोइलाडी गाउँपालिकामा यस्तो कार्यक्रम गर्ने तयारी भइरहेको देवले बताए।

विष्णुपुर गाउँपालिका ५ का वडाअध्यक्ष जिवछ मण्डलले संस्थाद्वारा संचालित पालिकास्तरीय सरोकारवालाहरु संग संवाद तथा बाल भेलाले बालबालिका मात्र लाई नभई अभिभावक र जनप्रतिनीधी समेतलाई जिम्मेवार बनाउने काम गरेको बताए।

उनले बालभेला जस्तै वडामा अभिभावक भेला समेत गरेर यस्तो कार्यक्रम गरिए बालिविवाह न्युनीकरण देखी बालबालिकाको स्वास्थ्य र शिक्षा क्षेत्रमा देखिएका कमीकमजोरीमा सुधार आउने विश्वास व्यक्त गरे।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव देवले शैक्षिक र स्वास्थ्य क्षेत्रमा सुधार तथा बालबालिका, अभिभावक र शिक्षकलाई थप जिम्मेवार बनाउने उदेश्यका साथ यस्तो कार्यक्रम चलाईएको बताए।

सबैको सकारात्मक सहयोग र उत्साहजनक सहभागिताले आफुहरुलाई हौसला प्रदान गरेको उनको धारणा छ।

यस्ता कार्यक्रमले बालबालिका, अभिभावक, शिक्षक र जनप्रतिनिधी समेतलाई जिम्मेवार बनाउने काम गरेको उनको भनाई छ।

जिल्लाको १८ वटै पालिकामा विस्तार गर्न सकिए अझ फलदायी हुने स्थानीयहरुले बताएका छन्।

### *शम्भुनाथमा ...*

भएका महेन्द्र कुमार चौधरीसँग शर्तसहितको कार्य सम्झौता गर्दै वडाध्यक्ष भगतले कर्मचारी नियुक्ति गरेको प्रमाण सार्वजनिक भएको हो।

दैनिक ज्यालादारीमा काम गरे बापत दोस्रो पक्ष चौधरीले कार्यालयमा उपस्थित भई काम गरेको दिन मात्र दैनिक रुपमा ६६८ रुपियाँका दरले प्रथम पक्षरले भुक्तानी गर्ने शर्तमा कर्मचारी नियुक्त गरेको वडाध्यक्ष भगतले हस्ताक्षर गरेको सम्झौतापत्रमा उल्लेख छ।

# ब्राउन सुगरसहित दुई जना पक्राउ

काठमाडौँ, १३ असार (रासस)।
शसस्त्र प्रहरी बलले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको द्वार नजिकै रहेको होटलबाट ४७ ग्राम ९ मिलिग्राम ब्राउनसुगरसहित दुई जनालाई नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरी बलको इन्टेलिजेन्स ब्युरोको विशेष सूचनाको आधारमा सिरहाको सिरहा नगरपालिका-८ का ४० वर्षिय मोहम्मद अख्तर मिया र धनुषाको कमला नगरपालिका-८ बस्ने ४२ वर्षिय सामन यादवलाई नियन्त्रणमा लिइएको शसस्त्र प्रहरी प्रवक्ता कालिदास धौबजीले जानकारी दिनुभयो।

दर्शन नमस्ते इन होटलबाट किनबेच गर्ने तयारी गरिरहेको उनीहरूलाई नियन्त्रणमा लिएको हो। उनीहरूले विगत लामो समयदेखि धनुषाको विभिन्न ठाउँहरूबाट लागूऔषध ल्याई काठमाडौंमा बेचबिखन गर्दै आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।


नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजबिराज,सप्तरी
(भूमिसुधार शाखा)

प.सं. २०८१/०८२ मिती:- २०८२/०३/१३
च.नं. १४००

विषय : म्याद प्रकाशन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा वादी बेचन साह समेत र प्रतिवादी जि.स गा.वि.स. कोइलाडी वार्ड नं. १ हाल तिलाठी कोइलाडी गा.पा.वडा नं. ४ बस्ने चन्दन सिंह संगको मि.नं. ३१९२ मोही नामसारी गरी पाउँ मुद्दामा तपसिल बमोजिम को जगगामा यस कार्यालयको मिती २०८२/०२/२६ गतेको आदेशानुसार विशेष अदालत ऐन २०५९ को दफा (१०) बमोजिम ३० (तिस) दिने म्याद सरहको सार्वजनिक सुचना प्रकासित भएको मिती ले बाटोको म्याद बाहेको ३० दिन भित्र आफनो सबुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस अड्डामा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला। ऐन बमोजिम पुर्पक्ष हुने छ। अन्यथा कानुन बमोजिम तपसिलको जग्गा मोही दर्ता नामसारी भई जाने छ। र म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुरी बाजुरी लाग्ने छैन।

तपसिल

| क्र.स. | ज.ध.को नाम | जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | ज.वि. | (मोही) |
|---|---|---|---|---|---|---|---|
| १. | चन्दन सिंह | सप्तरी | मोहनपुर | ५(क) | २२८ | ०-४-१० | फेकु साह तेली |

नोट :- यसमा पत्रिका प्रकाशनमा लाग्ने दस्तुर स्वयम व्यक्तिबाट भराई लिनु हुन अनुरोध छ।

२०८२/३/१२
नायब सुब्बा


## विश्व समाचार

# रुसमाथिको प्रतिबन्ध लम्ब्याउन इयू नेता सहमत

बेल्जियम, १३ असार (रासस/एएफपी)।
क्रेमलिन मैत्री हङ्गेरीले रुसमाथिको प्रतिबन्धलाई खुकुलो पार्नसक्ने सम्भावनाबीच थप छ महिनाका लागि रुसमाथिको प्रतिबन्ध लम्ब्याउन इयू नेता सहमत भएका छन्।

ब्रसेल्समा भएको शिखर सम्मेलनको निर्णयको अर्थ युक्रेनमा जारी युद्धलाई लिएर युरोपेली सङ्घ (इयू) ले रुसी केन्द्रीय बैङ्कको २०० अर्ब युरो (२३४ अर्ब अमेरिकी डलर) भन्दा बढी सम्पत्ति जफत गर्ने लगायतका व्यापक प्रतिबन्धहरू सन् २०२६ को सुरुसम्म कायम रहने युरोपेली सङ्घ (इयू) का सदस्य राष्ट्रका नेताले बताएका छन्।

हङ्गेरीका नेता भिक्टर ओर्बानले नमानेमा मस्कोलाई आर्थिक दण्ड दिने गरी आपतकालीन योजना बनाइरहेको अधिकारीहरुले बताएका छन्।

युरोपेली सङ्घका समकक्षीहरूले बुडापेस्टले यी उपायहरू नवीकरण गर्न अस्वीकार गरेमा संयुक्त राज्य अमेरिकाले शान्ति प्रयासलाई दबाब दिइरहेका बेला रुसमाथि समूहको पकडमा ठूलो खाडल पर्न सक्ने आशङ्का व्यक्त गरेका थिए।

प्रत्येक छ महिनामा थप गर्नुपर्ने प्रतिबन्ध जनवरीमा नवीकरणका लागि आउँदा ओर्बानले अन्तिम पटक उक्त निर्णय गर्नुभएको हो। तर इयूले आफ्ना विद्यमान उपायहरू यथावत रहने सुनिश्चित गरे पनि हङ्गेरीको सहयोगी स्लोभाकियाको अवरोधका कारण उसले प्रतिबन्धको नयाँ प्याकेजमा स्वीकृति पाउन असफल भएको छ।

स्लोभाकियाका नेता रोबर्टो फिकोले सन् २०२७ को अन्त्यसम्ममा रुसी ग्यासको आयात बन्द गर्ने योजनालाई लिएर ब्रसेल्ससँगको छुट्टै विवादका कारण शिखर सम्मेलनमा नयाँ चरणको प्रतिबन्धलाई स्वीकृति दिन अस्वीकार गर्नुभएको छ।

स्लोभाकिया रूसी ग्याँस आयातमा निर्भर छ र आफ्नो क्षेत्रभरि पाइप आपूर्तिको लागि ट्रान्जिट शुल्कबाट पैसा कमाउँछ।

फिकोले बिहीबार इयू प्रमुख उर्सुला भोन डेर लेयेनसँग वार्ता गरेपनि आफूले चाहेको प्रतिबन्ध प्याकेज रोक्न असफल भएको घोषणा गर्नुभएको थियो।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले एक भिडियो सम्बोधनमा इयू नेताहरूलाई 'रूसको तेल व्यापार, गैरकानुनीरूपमा आवागमन गर्ने ट्याङ्कर, बैङ्क र हतियार बनाउन उपकरण वा पार्टपुर्जाहरू ल्याउन प्रयोग हुने आपूर्ति श्रृङ्खलाहरूलाई लक्षित गरी कडा प्याकेज ल्याउन' आग्रह गर्नुभएको छ।

सहभागी इयू अधिकारीका अनुसार रुसको तेल निर्यातमा मूल्य सीमा घटाउने प्रयासलाई जी-७ सम्मेलनको व्यापक पहलको एक भागको रूपमा समर्थन गर्न वासिङ्टनले अस्वीकार गरेपछि यो एजेन्डा छलफलको विषय बन्न सकेन।

# भारतमा 'अप्राकृतिक' रूपमा मरेको भनिएका पाँच बाघबारे अनुसन्धान शुरू

नयाँदिल्ली, १३ असार (रासस/एएफपी)।
भारतको दक्षिणी राज्य कर्नाटकको संरक्षित जङ्गलमा लोपोन्मुख बघिनी र त्यसका चार वटा बच्चा मृत अवस्थामा फेला परेपछि भारतले अनुसन्धान सुरु गरेको छ।

राज्यका वनमन्त्री ईश्वर खान्द्रेले वन्यजन्तुको 'अप्राकृतिक' मृत्यु 'अत्यन्त दुःखद र पीडा' को विषय भएको र यसको अनुसन्धानको लागि एक टोली गठन गरिएको बताउनुभयो।

स्थानीय सञ्चारमाध्यमका अनुसार वन अधिकारीहरूले उनीहरूको विषाक्तताको कारण मृत्यु भएको आशङ्का गरेका छन्।

द टाइम्स अफ इन्डियाका अनुसार बघिनीले केही दिनअघि एउटा गाई मारेको थियो। गाई खाएको आक्रोशमा गाइको मृत शरीरमा विष मिसाइएको र त्यही कारण बघिनीसहित साना डमरुको मृत्यु भएको हुनसक्ने आशङ्का वन अधिकारीले गरेका छन्।

"कुनै लापरबाही भएको वा कुनै अन्य कारणवश बाघ मरेको हो अनुसन्धान गरी दोषीलाई फौजदारी कारबाही गर्न आदेश दिएका छौं," खान्द्रेले भन्नुभयो।

निरन्तर संरक्षण प्रयासहरूले भारतमा बाघको सङ्ख्यामा निरन्तर पुनरुत्थान भएको छ। पछिल्लो गणनाअनुसार भारतमा तीन हजार ६०० भन्दा बढी बाघ छन्, जुन विश्वको बाघको सङ्ख्याको ७५ प्रतिशत हो।

तर घट्दो वासस्थान र मानव बस्ती विस्तारले बाघको बस्तीमा हस्तक्षेप भएको वा उनीहरूको जीवनलाई प्रभावित पारेको र पछिल्लो एक दशकमा बाघको आक्रमणमा परी ६०० भन्दा बढी व्यक्तिको मृत्यु भएको सरकारी तथ्याङ्कले देखाएको छ।

# सुरुङ्गा रोयल्सबाट पराजित हुँदै राजविराज रोयल्स फाईनमा




**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

सुरुङ्गा रोयल्सबाट पराजित हुँदै राजविराज रोयल्स फाईनमा प्रवेश गरेको छ ।

पबिमाबिको खेल मैदान राजविराजमा जारि राजविराज मेयर कप सप्तरी महिला प्राईड लिग दोश्रो सिजन अर्न्तगतको लिगको शुक्रबार भएको अन्तिम खेलमा सुरुङ्गा रोयल्सले राजविराज रोयल्सलाई रोमान्चक खेलमा २३ रनले पराजित गरेको छ । पराजित भएर पनि राजविराज रोयल्स फाइनलमा प्रवेश गरेको हो ।

टस जितेर ब्याटिंग रोजेको सुरुङ्गा सरभाइभल्सले निर्धारित २० ओभरको खेलमा ३ विकेटको नोक्सानीमा १ सय ७५ रन बनाए । सुरुङ्गाको तर्फबाट रोमा थापाले उत्कृष्ट ब्याटिंग गर्दै ४४ बलमा ११ चौक्काको मद्दतले ७४ रनको योगदान बनाएका थिए । यस्तै साना प्रविण ४१ र सानु राजबंशीले नटआउट रहि ३९ रनको योगदान दिए । बलिंग तर्फ राजविराजका चाँदनी खातुन र साक्षी यादवले सामान १-१ विकेट लिएका थिए ।

१ सय ७६ रनको विजयी लक्ष्य लिई मैदानमा उत्रिएको राजविराजले २० ओभरमा ५ विकेटको नोक्सानीमा १ सय ५२ रनमात्र जोड्न सके ।

राजविराजका लागि शिवानी साहले उत्कृष्ट ब्याटिंग गर्दै ४८ बलमा ८ चौक्काको मद्दतले नटआउट रहि ५४ रनको योगदान दिए । यस्तै प्रनिश रानामगरले ३६ तथा प्रतिमा साह २८ र अपेक्षा यादवले २१ रनको योगदान दिए । बलिंग तर्फ सुरुङ्गा कि सरस्वती चौधरीले २ तथा रोजि कडारी र विद्या रामले सामान १-१ बिकेट लिए । उक्त खेलको प्लेयर अफ द म्याच उत्कृष्ट ब्याटिंग गरेकी सुरुङ्गा कि रोमा थापा घोषित भएकी थिईन् ।

प्रतियोगिता अर्न्तगत फाईनल खेल शनिवार राजविराज रोयल्स र खडक क्वीन्स बिच हुने आयोजक समितिले जनाएको छ ।

# हजारौँ दशनार्थीको सहभागितामा गहवामाई रथयात्रा

पर्सा, १३ असार (रासस) ।

वीरगञ्जको प्रख्यात गहवामाईको तेस्रो रथयात्रा यहाँ हर्षोल्लाससहित मनाइएको छ । गहवा माई तीर्थ क्षेत्र विकास समितिको आयोजनामा बिहान ७:३० बजेदेखि रथयात्रा शुभारम्भ गरेर वीरगञ्जका मुख्यमुख्य चोक परिक्रममा गरेर फेरि मन्दिर प्राङ्गणमा आएर रथयात्रा समापन भएको हो ।

बाजागाजा, झाँकी, डिजेसहित रथयात्रा गहवामाई मन्दिर प्राङ्गणबाट सुरु भएर घण्टाघर, रेल्वेरोड, स्वर्गीय गिरिजाप्रसाद कोइरालाको शालिक हुँदै श्रीराम सिनेमाहल विर्तामाई दुर्गा मन्दिर, अलखिया मठमन्दिर, राणीसती, आदर्शनगर, महावीर मन्दिर हुँदै पुन:गहवामाई मन्दिरमा आएर रथयात्रा टुङ्गिएको हो ।

रथयात्रामा हजारौँ श्रद्धालु भक्तजनको उपस्थिति थियो । जसमा महिला, बालबालिका र अन्य समूहका दशनार्थीको घुइँचो देखिन्थ्यो । रथयात्रा आषाढ शुक्ल पक्ष द्वितीया तिथीका दिन गर्ने गरिन्छ ।

समितिका अध्यक्ष श्यामकुमार पोखरेलले शुक्रबार भव्य कार्यक्रमबीच गहवामाईको तेस्रो रथयात्रा गरिएको जानकारी दिनुभयो । "विगत दुई वर्षदेखि वीरगञ्जमा ५० हजारभन्दा धेरै दशनार्थीको उपस्थितिमा गहवामाई रथयात्रा गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "यो वर्ष विगतको तुलनामा धेरै दशनार्थी सहभागिता भएको अनुमान गरेका छौँ ।" जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता किशोर लम्सालले गहवामाईको रथयात्रा शान्त र सौहार्दपूर्ण वातावरणमा भएको जानकारी दिनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्टले गहवामाईको रथयात्रा समापन भए पनि अत्यधिक दशनार्थीको चाप भने विस्तारै घट्ने क्रममा रहेको जानकारी दिनुभयो ।

"अत्यधिक दशनार्थी भएकाले ट्राफिक व्यवस्थापन सहज हुन केही समय लाग्ला", उहाँले भन्नुभयो, "हामी विभिन्न ठाउँ-ठाउँमा खटिएर आवातजावतलाई व्यवस्थित गरिरहेका छौँ ।" समितिले रथयात्रालाई व्यवस्थित र मर्यादित गराउन विभिन्न नौ उपसमिति गठन गरेर व्यवस्थित गरेको जनाएको छ । धार्मिक समन्वय उपसमितिको संयोजक डा पुरुषोत्तम दुवेले यसपालीको रथयात्रामा करिब एक लाख दशनार्थी सहभागी भएको दाबी गर्नुभयो ।

"गहवामाई वीरगञ्जको प्रख्यात गहवामाई प्राचीन महत्वको धरोहर भएकाले पनि रथयात्रा गर्न लागिएको हो", धार्मिक समन्वय उपसमिति संयोजक दुवेले भन्नुभयो, "भारतको जगन्नाथपुरीमा जस्तै गरी वीरगञ्जको गहवामाई मन्दिरको पनि रथयात्रा निकाल्ने परम्पराको विकास गरेका छौँ । यसले यहाँको पर्यटकीयस्थलको प्रचारप्रसारमा समेत सहयोगी हुने अपेक्षा गरेका छौँ ।" उहाँका अनुसार यही असार १४ गते ५६ भोग र भण्डारा(प्रसाद) वितरण कार्यक्रम राखिएको छ ।

मधेस प्रदेशमा नै चर्चित रथयात्रा भएकाले रथयात्रामा साधुसन्त, महिलाको उल्लेखनीय सहभागिता जनाएका छन् । धार्मिक समन्वय समितिका संयोजक दुवेले धर्म, संस्कृति र संस्कार जोगाउन रथयात्रा गर्दै आइरहेको दाबी गर्नुभयो । "हाम्रो धर्म, संस्कृति र आस्था जोगाउनलाई जोगाउन रथयात्रा गर्न लागिएको हो", उहाँले भन्नुभयो, "धर्म, संस्कृति नयाँ पुस्ताका पिँढीलाई हस्तान्तरण गर्न आवश्यक भएकाले पनि गर्न लागेका हौँ ।"

# 'रोजगारीका लागि प्रविधिमैत्री जनशक्ति आवश्यक'

काठमाडौँ, १३ असार (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले रोजगारीका लागि प्रविधिको प्रयोग गर्न सक्ने सीपयुक्त दक्षजनशक्ति तयार गर्नुपर्ने बताउनुभएको छ ।

मन्त्रालयमा आयोजित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच सम्झदारीपत्र हस्ताक्षर कार्यक्रममा उहाँले विश्वको बदलिँदो परिवेशमा प्रविधि प्रयोगको ज्ञान, सीप र क्षमता भएका दक्षशक्ति उत्पादनमा जोड दिनुभएको हो ।

मन्त्री भण्डारीले श्रम क्षेत्रको अध्ययनको आवश्यकता औँल्याउँदै विश्वविद्यालयहरूसँगको सहकार्यमा 'डिप्लोमा इन लेबर स्टडिज कोर्ष' सञ्चालन गर्ने तयारीबारे समेत जानकारी दिनुभयो ।

श्रम मन्त्रालयले दिने सबै सेवाहरू एकीकृत रूपमा प्रवाह गर्नका लागि सबै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत सूचना प्रवाह भइरहेको उहाँले बताउनुभयो । उहाँले सूचनाको अभावमा रोजगारीका लागि उपलब्ध भएका अवसर सदुपयोग हुन नसकेको समेत उल्लेख गर्नुभयो ।

मन्त्री भण्डारीले श्रम र आप्रवासनको क्षेत्रलाई सर्वसुलभ बनाउन स्विटजरल्यान्ड सरकार र स्विस कन्ट्याक्टको भूमिका महत्वपूर्ण रहेको भन्दै चर्चा गर्नुभयो । उहाँले नेपालमा पहिलोपटक राष्ट्रिय आप्रवासन नीति टुङ्गिने अवस्थामा पुगेको जानकारी गराउँदै छिट्टै मन्त्रिपरिषद्बाट पारित हुने विश्वाससमेत व्यक्त गरे ।

सोही अवसरमा श्रम, रोजगार तथा आप्रवासन सम्बन्धमा क्षमता विकास लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच त्रिपक्षीय एक सम्झदारीपत्रमा हस्ताक्षर गरिएको थियो ।

मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करले तालिम र सीपको तादाम्यता, आवश्यकता र तालिमबीचको तादाम्यतासँगै तालिमको सबैलाई पहुँच र अवसर व्यवस्थापनका लागि यो त्रिपक्षीय सम्झदारीले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । तीनै संस्थाले एकअर्कालाई सहयोग, सहकार्य र प्रशंसा गर्दै श्रम आप्रवासनको कामलाई उच्च स्तरमा पुर्‍याउने उहाँको भनाइ थियो ।

# दूध किसानलाई बक्यौता भुक्तानी गर्न निर्देशन

काठमाडौँ, १३ असार (रासस) ।

सरकारले देशभरका दूध उत्पादक कृषकको करिब रु तीन अर्ब बक्यौता यही असार मसान्तसम्म उपलब्ध गराउन निर्देशन दिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले डेरी उद्योगको छाता सङ्गठन नेपाल डेरी एसोसिएसनसँग दूध किसानको बक्यौता उपलब्ध गराउने विषयमा छलफल गरी अविलम्ब रकम फछ्र्यौट गर्न निर्देशन दिएको हो ।

निजी क्षेत्रबाट सञ्चालित विभिन्न डेरी उद्योगले लामो समयदेखि किसानले बिक्री गरेको दूधको भुक्तानी नगरेकाले उनीहरू समस्यामा परेका छन् । त्यस कार्यले उत्पादन तथा बजार आपूर्ति प्रभावित हुन सक्ने हुँदा चालु आर्थिक वर्षको असार मसान्तसम्म यथाशीघ्र भुक्तानी गर्नुपर्ने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो ।

दैनिक गुणस्तरीय दूध सेवनका लागि जनचेतना जगाउने र पोषणयुक्त दुध तथा दुग्ध पदार्थको उपभोगमा वृद्धि गर्न सबै प्रदेशमा विभिन्न कार्यक्रम सञ्चालन गरेको डेरी एसोसिएसनलाई सरकारले विभिन्न सहुलियत तथा प्रविधिक, रचनात्मक सहयोग उपलब्ध गराउँदै आएको छ ।

दुग्ध विकास संस्थानले गत पुस मसान्तसम्मको किसानको बक्यौताबापत रहेको करिब रु ९० करोड उपलब्ध गराइसकेको छ भने बाँकी रकम भुक्तानीको प्रक्रिया सुरु गरेको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो ।

मन्त्रालयले पशु तथा कृषि बीमा, बीउबिजन, मल, कृषि उपकरणमा किसानलाई अनुदानमा सहयोग गर्दै आएको जनाएको छ । विभिन्न किसान सङ्घ संस्थाले समेत दुध किसानको रकम समयमै उपलब्ध गराउन माग गर्दै आएका थिए ।

नेपाल किसान महासङ्घका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले किसानले उत्पादन गरेका दूधबाट विभिन्न दूधजन्य परिकार बनाएर नाफा कमाउने डेरी उद्योगले किसानलाई तिर्नुपर्ने रकम असुली गर्न सरकारले कडाइ गर्नुपर्ने बताउनुभयो ।

# धनुषामा आँप महोत्सव हुँदै

धनुषा, १३ असार (रासस) ।

धनुषामा दुईदिने आँप महोत्सव आयोजना हुने भएको छ । धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा यही असार १४ र १५ गते चित्रपुर म्याङ्गो एग्रो टुरिजम बोर्डको आयोजनामा 'चित्रपुर आँप मेला महोत्सव- २०८२' हुने भएको हो ।

स्थानीय आँप प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गरिएको चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डका अध्यक्ष प्रदीप महतोले बताउनुभयो । उहाँले चित्रपुरलाई 'आँप पर्यटन नाका'का रूपमा विकास गर्ने लक्ष्य लिइएको समेत उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत आँप पकेट जोन घोषणा गरिए पनि किसानहरू बजारीकरण हुन नसकेको बताउँछन् । यहाँ दोस्रोपटक आँप महोत्सव गर्न लागिएको मेला समितिका सदस्य फुलगेन मगहीले बताउनुभयो । मेलामा ४० भन्दा बढी जातका आँप तथा आँपबाट बनेका विभिन्न परिकार जुस, अचारलगायतको प्रदर्शनीमा राखिनेछ ।

मेला घुम्न आउने पर्यटकलाई नि:शुल्क आँप खुवाउने, बगैँचामा घुमाउने, रुखबाट आँप छानेर टिप्ने अनुभव दिलाउने र विद्यार्थीलाई विभिन्न जातका आँप चिनाउने कार्यक्रमसमेत समावेश गरिएको अध्यक्ष महतो बताउनुहुन्छ ।

हाल चित्रपुर क्षेत्रमा ३०० बिघाभन्दा बढी जमिनमा फैलिएको आँपको बगैँचामा उत्पादन हुँदै आएको छ । मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता सरोज चौधरीका अनुसार मधेश प्रदेशले देशको कुल आँप उत्पादनमा ७७.१ प्रतिशत योगदान दिँदै आएको बताउनुभयो ।

# द्वन्द्वका सबै विषय फरफारक हुने गरी काम गर्नुस् : द्वन्द्वपीडित परिवार

काठमाडौँ, १३ असार (रासस) ।

सत्य निरुपण तथा मेलमिलाप आयोगले सशस्त्र द्वन्द्वपीडितलाई न्याय दिलाउनका लागि आवश्यक सूचना, सुझाव र सल्लाह दिएर सहयोग गर्न आह्वान गरेको छ ।

आयोगद्वारा यहाँ आयोजित द्वन्द्वपीडित तथा सरोकारवालासँगको अन्तरक्रियामा आयोगका पदाधिकारीले पीडितले दिने लिखित वा मौखिक सूचना, प्रश्न र सुझावलाई आत्मसात् गर्ने प्रतिबद्धता जनाउनुभयो ।

त्यसअवसरमा द्वन्द्वपीडित कालीबहादुर विस्टले राज्य र विद्रोही दुवै पक्षबाट भएका घटनाका पीडित अन्यायमा परेकाले शीघ्र न्याय दिलाउने कार्यमा ठोस पहल र निर्णय गर्न सुझाव दिनुभयो । उहाँहरूले द्वन्द्वका क्रममा आफू र आफ्ना परिवारमाथि भएको अत्याचार, दमन, कुटपिट, लुटपाट, अङ्गभङ्ग, अपहरण, सम्पत्ति कब्जा र गाउँनिकालाका घटना भएको जनाउँदै पहुँच र प्रभावका आधारमा क्षतिपूर्ति उपलब्ध गराएको भनी रोष प्रकट गर्नभयो ।

पीडितका नाममा विगतमा दुई पटक सत्य निरुपण र बेपत्ता आयोगका पदाधिकारी फेरिएको उल्लेख गर्दै उहाँहरूले आफूहरूले न्याय पाउन ढिलाइ भइरहेको बताउनुभयो । पीडित परिवारले आयोगका नाममा राज्यको दोहन र पार्टीका कार्यकतालाई रोजगारी दिलाउन काम मात्र भएको आरोप लगाउनुभयो ।

द्वन्द्वपीडित हिरा तिवारी शर्माले देशमा कुनै विपत्ति भएमा तत्कालै केही गर्न आवश्यक परेका खण्डमा सङ्क्रमणकाल घोषणा गर्न सकिने भएपनि दुई दशकको अवधिलाई कसरी सङ्क्रमणकालीन अवस्था भन्न सकिएला भनी उहाँहरूले प्रश्न गर्नुभयो । उहाँले श्रीमान्लाई खाना खाने क्रममा घरबाट अपहरण गरी जङ्गलमा लगी हत्या गरिएको उल्लेख गर्नुभयो ।

द्वन्द्वपीडित परिवारले लामो समयसम्म न्याय नपाउँदा पीडितकाबीचमा पनि फूटको भावना आएको जनाउँदै विगतको घटना राजनीतिक समस्या भएकाले पीडितलाई न्यायको अनुभूति हुने गरी क्षतिपूर्ति र परिपूरणको व्यवस्था गर्न सुझाव दिनुभयो ।

उहाँहरूले त्यस बेलाको अवस्था र घटनाको वर्गीकरण गरी बिना भेदभाव न्यायोचित क्षतिपूर्ण र परिचयपत्रको व्यवस्था गर्न सुझाव दिनुभयो । पीडित परिवारले राज्यले द्वन्द्वपीडितका लागि खडा गरेको रकमको दुरुपयोग नगर्न तथा दुवै पक्षका पीडित नै भएकाले न्याय गलत नहोस भनी हेक्का राख्न आग्रह गर्नुभयो ।

घटनामा मारिएका, बवेपत्ता भएका, सम्पत्ति कब्जा गरिएका तथा यातना दिइएकाको बेग्लै सूची तयार गरी घटना विशेषका आधारमा न्याय दिलाउन कार्यमा ठीक निर्णयमा पुग्न आयोग पदाकिरीलाई सुझाव दिइयो । उहाँहरूले ढिलो न्याय पाउनु पनि न्याय नपाउनु जस्तो हो भन्दै आयोगको वर्तमान कार्यकालमा द्वन्द्वका सबै विषय फरफारक हुने गरी कार्य गर्न आयोग पदाधिकारीलाई सुझाव दिनुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*